# मकवानपुरगढी गाउपालिकाको उद्योग व्यवसाय दर्ता नविकरण संचालन र नियमन सम्वन्धी कार्यविधि २०७५

**कार्यापालिकावाट स्वीकृत मितिः २०७५/२/१८**

प्रस्तावना

नेपालको संविधानको भाग ४ धारा ५१ अन्तर्गत उल्लेखित अर्थतन्त्रमा निजि सहकारी र सरकारी क्षेत्रको भुमिकालाइ महत्व दिदै उपलव्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्न साथै हासिल गरिएको सम्वृद्धीमा वहुसंख्यक जनताको पहुच स्थापना गर्ने मार्गनिर्देशन गर्ने उद्योग व्यवसाय प्रवद्धन विस्तार साथै गुणस्तरीय एवं विश्वसनिय सेवा तथा उत्पादन प्रवर्द्धनको उद्देश्य राखी स्थानीय सरकार संचालन ऐन २०७४को दफा११ उपदफा ञ को ६ मा भएको व्यवस्था अनुसार मकवानपुरगढी गाउपालिकाको क्षेत्र भित्र उद्योग व्यापार व्यवसाय संचालन गर्नको लागी व्यवसाय दर्ता नविकरण संचालन र नियमन सम्वन्धित कार्यविधि मकवानपुरगढी गाउपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मकवानपुरगढी गाउ कार्यापालिकाको मिति २०७५/२/१८ गते वसेको वैठक निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र परिचयः**

क. यस कार्यविधिको नाम "मकवानपुरगढी उद्योग व्यवसाय दर्ता नविकरण संचालन र नियमन कार्यविधि २०७५" रहनेछ ।

**२. परिभाषा**

क."अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ख. "गाउपालिका" भन्नाले नेपालको संविधान वमोजिम गठन भएको मकवानपुरगढि गाउपालीकालाइ जनाउदछ ।

ग. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ख. "गाउ कार्यपालिका" भन्नाले यस गाउपालिकाको कार्यापालिकालाइ जनाउदछ ।

ग. "गाउ सभा" भन्नाले यस मकवानपुरगढी गाउपालिकाको गाउ सभालाइ जनाउदछ ।

घ. "वडा अध्यक्ष" भन्नाले स्थानीय तहको निर्वाचनवाट निर्वाचीत वडाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

ङ. "वडा कार्यालय" भन्नाले गाउँपालिकाको वडा कार्यालय भन्ने सम्झनुपर्छ ।

च."स्थानीय स्तर" भन्नाले मकवानपुरगढी गाउँपालिकाको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

छ. "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले यस गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाइ जनाउदछ ।

ज. "आर्थिक विकास शाखा" भन्नाले यस गाउपालिकामा रहेको आर्थिक सम्वन्धी कार्य हेर्ने शाखालाइ जनाउदछ ।

**३. उद्योग तथा व्यवसाय दर्ता सम्वन्धी व्यवस्था**

उद्योग व्यपार सेवा र पेशाजन्य क्रियाकलापहरु यस मकवानपुरगढी गाउपालिका भित्र संचालन गर्नको लागी यस कार्यविधिले निर्देशित दर्ता गरि मात्र संचालन गर्न पाइने छ । दर्ता गर्नको लागी यस कार्यविधिले अनुसुचिमा तोके वमोजिमको निवेदन पेश गर्नुपर्नेछ । पेश गरिएको निवेदनको आवश्यक कारवाहि गरि गाउपालिकाको सम्वन्धीत वडा कार्यालयले व्यवसायिकलाइ व्यवसाय दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ । गाउपालिकामा व्यवसाय दर्ता गरिसकेपछी अन्य सम्वन्धीत निकायवाट प्रचलित संघिय तथा प्रदेश कानुन वमोजिम अनुमति लिनुपर्ने कानुनी प्रावधान भएमा पेशा व्यवसाय संचालन गर्न पुर्व सम्वन्धी निकायवाट अनुमती लिनु पर्ने दायित्व व्यवसायी स्वयमको नै हुनेछ । व्यवसाय संचालित स्थानमा अनुसुचि वमोजिमको सुचनापाटी अनिवार्य रुपमा टास गरिएको हुनु पर्नेछ । गाउपालिकाको वडा कार्यालयले व्यवसाय दर्ता र कर प्रयोजनका लागी दर्ता किताव र कर विवरण किताव वा कम्प्युटर सफ्टवेयर व्यवस्थीत गर्ने छ ।

**४. नविकरण सम्वन्धी व्यवस्था**

आवधिक रुपमा आवश्यक प्रक्रिया पुरा गरि गाउपालिकाको कार्यालयवाट आफ्नो / व्यवसाय नविकरण गरिसक्नु पर्नेछ । अन्यथा मासिक हर्जना लाग्ने वा सम्वन्धी निकायले कार्यपालिकामा आवश्यक कारवाहिको सिफारिस गरि सो अनुसार गर्न सक्नेछ । साथै साझेदारी थपघट र स्थान परिवर्तन वा अवस्था परिवर्तन को कार्य गर्नु परेमा समेत नविकरण प्रक्रिया मार्फत सहजिकरण गरिने छ ।

**५. उद्योग तथा व्यवसाय कर**

उद्योग तथा व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कर गाउ सभाले पास गरेको आर्थिक ऐनको अनुसुचि ४ वमोजिम पुजि लगानीको आधारमा निर्धारण गरी तोकिएको दरमा हुनेछ छ।

**६. प्रोत्साहन र सहजिकरण सम्वन्धी व्यवस्था**

कृषिजन्य उद्योग व्यवसाय संचालन गर्ने स्थानीयलाइ अनुदान प्रदान गरिनेछ । स्थानीय जनतालाइ रोजगारी प्रदान गर्ने साथै स्थानीय उत्पादनलाइ वजार प्रदान गर्ने उद्योग/व्यवसाय स्थापना गर्न भौतिक पुर्वाधार निर्माण गर्न सहुलियत प्रदान गर्ने निति अवल्वन गरिनेछ । लक्षित वर्ग महिला सिमान्तकृत उत्पित विपन्न साथै युवा उद्यमशीलता प्रवर्द्धनको लागि तालिम र अनुदानको व्यवस्था गरिनेछ । उस्ता अनुदान तथा सहुलियत वार्षिक निति तथा कार्यक्रममा समेटी आवश्यक वजेट विनियोजित गरिनेछ ।

**७. श्रमिक सम्वन्धी व्यवस्था**

यस गाउपालिका क्षेत्र भित्र संचालित सम्पुर्ण उद्योग / व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रम संग सम्वन्धीत प्रचलित नियम कानुनको पुर्ण पालना गर्नुपर्नेछ । अन्यथा हुन गएको उजुरी वा जानकारी आएमा आवश्यक कारवाहि गरिनेछ ।

**८. वातावरण तथा भौगोलिक प्रभाव पार्ने उद्योग दर्ता सम्वन्धमाः**

खानी उत्खनन रासायनिक पदार्थ उत्पादन तथा प्रकृतिक श्रोत्र साधन प्रयोग गरि संचालन गरिने उद्योगहरुको सम्वन्धमा गाउपालिकावाट छुट्टे कार्यविधि स्विकृत गरि लागु गरे वमोजिम हुनेछ । साथै गाउपालिका भित्र संचालित सम्पुर्ण उद्योग व्यवसायले आफुले उत्पादन गरेको फोहोर प्रदुषण व्यवस्थापन गर्न जिम्मेवारी लिनु पर्नेछ ।

**९. उद्योग तथा व्यवसायको सामाजिक उत्तरदायित्व**

नेपालको प्रचलित कानुन वमोजिम अथवा यस कार्यविधिले तोके वमोजिम यस गाउपालिका भित्र संचालित सम्पुर्ण उद्योग व्यवसायले आफ्नो व्यवसायले आफ्नो नाफाको ५ प्रतिशत रकम व्यवसायको सामाजिक उत्तरदायित्व शिर्षकमा छुट्टाइ  गाउपालिकाले तोकेको लक्षित वर्गकामा केन्द्रीत भइ सामाजिक कार्य गर्नु पर्नेछ ।

**१०. मुल्य निर्धारण र सेवा तथा उत्पादनको गुणस्तरको मापदण्ड**

काला वजारी गुणस्तरीय सेवा वा वस्तु म्याद गुज्रिएका वस्तुको विक्रि वितरण अधिक मुल्यमा कारोवार तथा आफुखुसि मुल्य वृद्धीलाइ दण्डनीय ठहर गरिनेछ । गुणस्तरीय र मुल्य निर्धारणको लागि संघ र प्रदेश तहका प्राविधिक रसंस्थागत जिम्मेवार निकायको निति तथा मापदण्डलाइ समेत श्रोतको रुपमा प्रयोग गरिने वा त्यसलाई अवलम्वन गरिनेछ । उद्योग व्यवसाय संग सम्वन्धित मुल्य निर्धारण गुणस्तर परिक्षण प्रयोजनका लागि वजार अनुगमन तथा मुल्य निर्धारण समिति गठन गरिनेछ ।

**११. अनुगमन तथा मुल्याङ्कन**

व्यवसाय प्रकृति हेरी आवधिक अनुगमन र मुल्याङ्कन गर्ने त्यसको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरि आवश्यकता वमोजिम नियमन / प्रोत्साहन गर्ने निति अवलम्वन गरिएको छ । त्यस सम्वन्धी व्यवस्था गाँउपालिका स्तरीय वजार अनुगमन तथा कार्वाहि कार्यविधि २०७५ वमोजिम हुनेछ ।

**१२. खारेजी तथा कारवाहि सम्वनेधी व्यवस्था**

तोकिएको मापदण्ड पुरा नगर्ने तथा कानुनी र वित्तिय अनुसारन उल्लघंन गर्ने व्यवसायलाइ व्यवसायको प्रकृति हेरी २४ घण्टा देखि ६ महिना सम्मको सुधार गर्ने म्याद दिइने छ । सुधारका लागि तोकिएको समयमा समेत आवश्यक सुधार नगर्ने उद्योग व्यवसायको दर्ता खारेजी समेत गरि आवश्यक कारवाहि गरिनेछ ।

**१३ दर्ता भइ सकेका व्यवसाय सम्वन्धमा**

यस भन्दा आगाडी दर्ता भइ संचालन भईरहेका व्यवसायहरुले २०७५ कार्तिक महिना भित्र आ- आफ्नो वडा कार्यालयमा गइ दर्ता प्रमाणपत्र सहित निवेदन दिएर आर्थिक ऐन २०७५ को अनुसुचि ४ मा तोकेको नविकरण दस्तुर वुझाइ आफ्नो व्यवसायको गाउपालिका स्तरीय व्यवसाय दर्ता प्रमाणपत्र लिनु पर्नेछ । यसरी व्यवसाय दर्ता प्रमाण पत्र नलिएका कुनै पनि व्यक्ती फर्म उद्योग तथा व्यवसायिलाई गाउपालिका वाट प्राप्त हुने अनुदान उपलव्ध गराइनेछैन । साथै गाउपालिकावाट व्यवसाय दर्ता प्रमाणपत्र नलिएका फर्महरुलाइ गाउपालिकामा अनुदानको लागि सुचिकृत पनि गरिने छैन ।

**१४. वाधा अड्काउ फुकाउः** यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नितिगत व्यवहारीक वा कार्यसम्पादन सम्वन्धी समस्या आइ परेमा गाउ कार्यपालिकाले वाधा अड्काउ फुकाए कार्य सम्पादन गर्न सहजिकरण गर्न सक्ने छ ।

**अनुसुचि १**

**व्यवसायको प्रकृति**

**कृषि तथा पशु फर्मः** पशु तथा कृषि शाखाको नियम भित्र रहि व्यवासयिक कृषिजन्य तथा पशुजन्य व्यवसाय संचालन गर्ने

**प्रकृतिक श्रोत उत्खनन गर्नेः** इटा भट्टा, वालुवा प्रशोधन, क्रसर खानीजन्य उद्योग
यस्ता उद्योगको लागी गाउ कार्यापालिकाले छुट्टै कार्यविधि वनाइ लागु गरिने छ ।

**अन्य उद्योगहरुः** ह्युम पाइप व्लक रिङ कंक्रिट स मिल फर्निचर खानी ग्रिल उद्योग

**सेवा प्रवाह व्यवसाय वर्गिकरणः** आवाशिय होटर, रेष्टुरेन्ट, खान होटल, चिया पसल, पर्यटन प्रवर्द्धन गर्ने व्यवसाय, सुन्दरता जन्य व्यवसाय, निर्माण सामाग्रि विक्रि वितरण गर्ने

**दैनिक उपभोग्य वस्तुको उत्पादन र विक्रिः** कुटानी पिसानी मिल, किनारा पसल, तरकारी पसल, पेय उत्पादन तथा विक्रि, दुग्ध जन्य उत्पादन तथा विक्रि, कपडा पसल र टेलर

**मेसिनरी सामान निर्माण मर्मत र विक्रि वितरणः** ग्यारेज

**रासायनिक वस्तुको विक्रि र उत्पादनः** पसल

**मानव तथा जैविक स्वास्थ्यः** फार्मेसी, कृषि तथा पशु स्वस्थ्य, उद्योग ,अस्पाताल र क्लिनिक

**ज्ञान र सिप सिकाउनेः** तालिम केन्द्र, निजि विद्यालय र ट्युसन केन्द्र

**इन्धन प्रशोधन तथा विक्रि वितरण**

**सिलाइ कटाइ शैलुन**

अनुसुचि २

| १० को टिकट |
|---|
| |

श्रीमान वडा अध्यक्ष ज्यु
........... वडा कार्यालय
..................... ।

विषय प्राइभेट फर्म रजिष्ट्रेशन गर्ने वारे ।

तल लेखिएक वमोजिम व्यवसाय गर्न निम्न लिखित नामको प्रइभेट फर्म मेरो नाममा रजिष्टेशन गराउन इच्छुक भएकोले रजिष्टरेशनको लागी आवश्यक भएको कागजातहरु यसै साथ संलग्न गरि रु १० को टिकट टासी यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरेमा कानुन वमोजिम सहुला वझाउला ।

१. फर्मको पुरा नाम नेपालीमा:

२. फर्मको पुरा नाम अग्रेजीमा:

३.फर्मको पुरा ठेगाना: जिल्ला मकवानपुर मकवानपुरगढि गाउपालीका वडा नं........ टोलको नाम............ व्लक.................. सम्पर्क फोन नं.

४. फर्ममा लगाउने पुजी रु..............................अक्षरेपी रु

५. फर्मको उद्देश्य:

६. फर्मले कारोवार गर्ने मुख्य चिज वस्तुको विवरण:.................................................................

७. प्रोप्राइटरको पुरा नाम: .....................................

स्थायी ठेगना नागरीकताको आधारमा जिल्ला:......................गाउपालीका/नगरपालीका.....................वडा नं................टोलको नाम................

व्लक नं.................. फोन नं................

हालको ठेगाना: जिल्ला.......................... गाउपालीका/नगरपालीका.................. वडा नं.

टोलको नाम.............................व्लक नं................ मोवाइल नं..................

८. प्रोपाइटरको तिन पुस्ते नाम थर ठेगना :

क. वाजेको नाम थर:

ख. वुवाको नाम थर:

ग. पति/पत्नीको नाम थर:

९. फर्ममा लगाउने पुजीको श्रोत :

१०. आफ्नो घर जग्गा भए लालपुर्जा तथा घरको एकिकृत सम्पत्ती कर तिरेको रसिद तथा आफ्नो घर नभए घर धनी संग घर भाडाको सम्झौता पत्र

| दाया | वाया |
|---|---|
| | |

निवेदक

प्रोपाइटरको नाम थर:

सहि:

अनुसुचि ३

कवुलियतनामा

लिखितम...................................को नाति.........................................को छोरा/छोरी.......................................

...................................जिल्ला.......................................गाउपालीका/नगरपालिका........वडा नं. वस्ने वर्ष......को आगे.........................................................को नामले प्राइभेट फर्म दर्ता गर्न मैले यस कार्यालयमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्वन्धमा प्रचलित ऐन कानुन र तलका शर्त समेत पालना गरि काम गर्ने छू । सो पालना गर्ने कुरामा कवुलियत समेत गर्न मन्जुर छ/छैन भनि यस कार्यालयवाट सोधनी भएकोमा मेरो चित्त वुझ्यो। यसमा प्रचलीत ऐन कानुन तपसिल लेखिएका शर्त उलघंन गरेको देखीएमा प्रचलित ऐन कानुन वमोजिम सहुला वुझाउला भनि मेरो मनोमानी राजी खुसि संग यो कवुलियतनामाको कागज लेखी मकवानपुरगढी गाउपालीका गाउ कार्यापालीकामा चढाए ।

**तपसिल**

१.यो...........................................................नामको फर्म दर्ता हुनु भन्दा पहिले अरु कसैले यो फर्मको नामसंग मिल्ने गरि फर्म दर्ता गरिसकेको भए सो को सुचना पाउन साथ तुरुन्तै यो फर्म खारेज गरि अर्को फर्म दर्ता गर्न आउने छु । सुचनामा उल्लेखीत म्याद भित्र नआएको कारणले फर्मलाइ स्वत खारेज गरिएमा पछि दावी गर्ने छैन ।

२.. यो फर्मको साइवोर्ड राख्नु पर्दा नेपाली अक्षरवाट लेखी सो को मुनीतिर सुविधाको निमित्त सानो अग्रेजी अक्षरमा लेख्ने छु ।

३. यस फर्ममा विदेशी नागरिकलाइ कर्मचारीको रुपमा नियुक्ती गर्नु परेमा आवश्यक स्वीकृत प्राप्त गरेर मात्र गर्ने छु ।
४. यस भन्दा अगाडी मेरो नाउमा कुनै फर्म दर्ता गरि राखेको छैन ।

**दस्तखत**:
**प्रोपाइटरको पुरा नाम थर:**

इति सम्वत २०७.......साल.........महिना.......गते.......रोज......शुभम् ।

**सनाखत**

यसमा लेखीएको दरखास्त फारम तथा कवुलियतनामामा म आफै स्वयं वडा कार्यालयमा उपस्थत भइ दर्ता गराएकव हु । निवेदक संग संलग्न नागरीकताको प्रमाण पत्रको प्रतिलिपी फोटो तथा अन्य कागजातहरु मेरा आफ्नै हुन । माथि उल्लेखीत सम्पुर्ण व्यहोरा समेथ साचो हो । कुनै फरक परेमा कानुन वमोजिम सहुला वुझाउला भनि सनाखत गर्ने ।
प्रोपाइटरको सहि:

नाम: मिति

**टिप्पणी**

श्रीमान.........................................................नामक प्राइभेट फर्म............................................को नाममा दर्ता गरी पाउन आवश्यक सवै कागजातहरु रितपुर्वक पेश हुन आएकोले माग वमोजिम दर्ता गरिदिन मनासिव देखी रु.......... अक्षरेपी रु.........................................राजस्व लिइ निजको नाममा प्राइभेट फर्म दर्ता गरी प्रमाण पत्र दिनको लागी निर्णयार्थ पेश गर्द छु ।

................. .......................

पेश गर्ने स्वीकृत गर्ने